# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, श्रावण २ गते २०२६ साल [ संख्या १४

श्री ५ को सरकार

## रक्षा मन्त्रालय

### सेना प्राड विवाक (भर्ना, बढुवा र सेवा शर्त) नियमहरू २०२६

सैनिक ऐन २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सेना प्राड विवाक" (भर्ना, बढुवा र सेवा शर्त) नियमहरू २०२६ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

सेना प्राड विवाक भन्नाले सैनिक ऐन २०१६ को दफा २ को खण्ड (ड) मा उल्लेखित अधिकृत सम्झनुपर्छ ।

३. सैनिक प्रवर समितिः– सेना प्राड विवाकमा नियुक्तिको लागि सिफारिश गर्ने देहायबमोजिमको एक सैनिक प्रवर समिति रहनेछ ।

(क) प्रधान सेनापतिले तोकेको सहायक रथी वा सो भन्दा माथिल्लो दर्जाको अधिकृत – – – – – अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रधान सेनापतिले तोकेको प्रमुख सेनानी वा सो भन्दा माथिल्लो दर्जाको अधिकृत– – – – – सदस्य

(ग) लोक सेवा आयोगको प्रतिनिधि – – – – सदस्य

(घ) सैनिक विनय निर्देशक (डी. एम. टी.) – सदस्य–सचिव

४. नियुक्तिः– (१) नियम ३ बमोजिमको सैनिक प्रवर समितिले सिफारिश गरेको उमेदवारलाई आयुक्त पद प्रदान गर्न प्रधान सेनापतिले श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त श्री ५ को सरकार रक्षा मन्त्रालयमा पेश गर्नेछ र स्वीकृति प्राप्तभएको मितिदेखि उक्त उमेदवारले आयुक्त पद पाउनेछ ।

(२) यसरी छानिएका उमेरवारलाई शुरूमा उप-सेनानी दर्जा प्रदान गरिनेछ र बेसिक सैनिक तालीम दिइने छ ।

५. न्युनतम योग्यताः– देहायको योग्यता नभै कुनैपनि उमेदवार सेना प्राड विवाकको लागि प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउने छैन ।

(क) छानिने वर्षको वैशाख १ गते उनन्तिस वर्ष ननाघेको,

(ख) कानूनमा स्नातकको उपाधी प्राप्त गरेको,

(ग) नेपाली नागरिक,

(घ) राजनीतिमा नलागेको ।

(ङ०) सैनिक मेडिकल बोर्डबाट उत्तीर्ण भएको ।

६. बढुवा र कायम मुकायमः– (१) समयको अवधिबाट पद खाली छ भने पक्का दर्जामा (सब्सटयान्टीभ) बढुवा देहायबमोजिम हुनेछ ।

उप सेनानीबाट सह सेनानीमा – – – – दुई वर्षको सन्तोषजनक सेवा पुगेपछि
सह सेनानीबाट सेनानीमा – – – सात वर्षको सन्तोषजनक सेवा पुगेपछि
सेनानीबाट प्रमुख सेनानीमा – – – – बाह्र वर्षको सन्तोषजनक सेवा पुगेपछि
प्रमुख सेनानीबाट महा सेनानीमा – – सोह्र वर्षको सन्तोषजनक सेवा पुगेपछि

(२) पक्का दर्जाको (सब्सटयान्टीभ) पदबाट पद खाली छ भने एक तह माथिल्लो दर्जाको पदमा कायम मुकायम (एक्टीङ्ग) बढुवा गर्न सकिनेछ ।

७. तलबः–सेना प्राड विवाकको तलब शाहीसेनाका तलब स्केलबमोजिम हुनेछ

८. बचाउः– यी नियमहरूमा लेखिए जति कुराहरूमाथि नियमहरूबमोजिम र अरू कुराहरू शाही सैनिक प्राविधिक सेवा नियमहरू २०१९ बमोजिम हुनेछ ।

आज्ञाले–
ढुण्डीराज शर्मा
श्री ५ को सरकारको सचिव

208

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।